अन्तिम लेखापरीक्षण प्रतिवेदन
नौकुण्ड गाउँपालिका, रसुवा

आर्थिक वर्ष २०७६।७७

महालेखापरीक्षकको कार्यालय
काठमाडौं

Serving the Nation

and

the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.:

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू
नौकुण्ड गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
रसुवा।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र (२) री गर्न सक्ने व्यवस्था छ । सोही नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जा व्यवस्थाबमोजिमस्थानीय तहको को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी ठठ।इण्ठटयो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान ,लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन,स्थानीय तह लेखापरीक्षण निर्देशिका , महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐननियम ,को आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयनखरिद , ,सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग ,व्यवस्थापन जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययितादक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने , अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतआन्तरिक आय र राजस्व बाँडफाँ :टको प्रक्षेपण यथार्थपरक नरहेकोआय आन्तरिक , ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएकोआय , सङ्कलन न्यून रहेको,बक्यौता असुलीमा प्रभावकारिता नआएको ,पर्याप्त आधार बेगर राजस्व छुट दिएको , बजेट अनुशासन कमजोर रहेको खर्च पश्चात बजेट तथा ,अबण्डा बजेट राखेको ,कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेकोवर्षान्तमा बढी खर्च , अत्यधिक प्रशासनिक खर्च ,खरिद कानून विपरीत सोझै खरिद गरेको ,गरेको गरेकोवितरणमु ,बचत अनुदान फिर्ता नगरेको ,खी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको ,जनाको छनौट गरेकोसाना तथा टुक्रे आयो , तो ,जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएकोकिएबमोजिम जनसहभागिता नजुटेकोदि ,गो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेकोदीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या , रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेकोकर्मचारी नियुक्ति तथा बढुवा ,मा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएकोसञ् ,साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको ,स्रोत ,सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको ,चालित योजनालेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक ,बैंक हिसाब विवरण तयार गर्ने नगरेको ,भिलेख नराखेकोसेवा प्रवाहको अ ,कार्यक्रम , नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन , कार्यक्षेत्रछलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षण प्रतिवेदन उपर , लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनभौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा , न गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेद तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

)टंकमणि शर्मा, दंगाल(
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)
Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः०७८।७९ मितिः२०७८।०५।०३
च.नंः.

श्री प्रमूखज्यू,
नौकुण्ड गाउँपालिका
रसुवा।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले नौकुण्ड गाउँपालिका, रसुवाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय ब्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय ब्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.१ करोड ९३ लाख १ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१० लाख ८७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६० लाख ९ हजार र नियमित गर्नुपर्ने रु.१ करोड १७ लाख ५ हजार र पेश्की बाँकी रु. ५ लाख रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०२।०२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २१ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । पालिकाको कार्यकारिणी, पालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत यस पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्रप्रसाद आचार्य)
नायव महालेखापरीक्षक

नौकुण्ड गाउँपालिका, रसुवाको लेखापरीक्षण प्रतिवेदन

२०७६/७७

परिचय : स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाँउपालिका अन्तर्गत ६ वडा, २८ सभा सदस्य, १२६ वर्ग किलोमिटर क्षेत्रफल तथा ११८२४ जनसंख्या रहेको छ ।

आर्थिक कारोवारको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सरकारले पेश गरेको आर्थिक वर्ष २०७६/७७ को एकीकृत आय-व्यय हिसावको संक्षिप्त अवस्था देहाय बमोजिम रहेको छः-

आयतर्फ			व्ययतर्फ		
सि.नं.	विवरण	रकम	सि.नं.	विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	**खर्च**	
	प्रकोप व्यवस्थापन कोष	१,९४,४४४.००		क) संघीय वित्तीय सामानिकरण	८,०४,६३,९४५.५१
	बैंक	१,३४,८३,७२६.७६		ख) प्रदेश वित्तीय समानिकरण	४७,९८,२३८.००
	धरौटी बैंक	७,७३,३०३.००		ग) राजश्व बाडफाड संघिय सरकार	२,४४,७३,११५.८१
२	**संघीय वित्तीय हस्तान्तरण**			घ) राजश्व बाडफाड प्रदेश सरकार	४८,५१,८९०.००
	क) वित्तीय समानिकरण अनुदान	८,५२,००,०००.००	२	**सशर्त अनुदान खर्च**	
	ख) सशर्त अनुदान	१२,२३,००,०००.००		क) संघीय सर्शत अनुदान	१०,५८,४१,९०४.३९
३	**प्रदेश सरकारबाट प्राप्त अनुदान**			ख) प्रदेश सर्शत अनुदान	११,०६९,१३७.००
	क) वित्तीय समानिकरण अनुदान	९९,२३,०००.००	३	**विषयगत निकायको खर्च**	
	ख) सशर्त अनुदान	१,२०,८८,०००.००		क)सामाजिक सुरक्षा	३,७३,०६,०००.००
४	**विषयगत निकासा रकम**			ख)स्थानीय पूर्वाधार	१,२८,४९,४९२.००
	क) सामाजिक सुरक्षा	३,७३,०६,०००.००		ग)प्रदेश पूर्वाधार	१,२६,२९,८६७.००
	ख) स्थानीय पूर्वाधार	१,५०,००,०००.००		घ)सडक बोर्ड नेपाल	९,२२,९७५.००
	ग) प्रदेश पूर्वाधार	१,३०,००,०००.००		ङ)राष्टिय पन्जिकरण विभाग चालु	६,०७,५५०.००
	घ) सडक बोर्ड नेपाल	९,२२,९७५.००		च)राष्टिय पन्जिकरण विभाग पुजीगत	१,७९,४५०.००
	ङ) राष्टिय पन्जिकरण विभाग चालु	१०,२३,०००.००	४	**को.ले.नि.का तथा प्र.ले.नि.का फिर्ता**	
	च) राष्टिय पन्जिकरण विभाग पुजीगत	१,८४,०००.००		क) संघीय सशर्त अनुदान	१,६४,५८,०९५.६१
५	**आन्तरिक आय**			ख) प्रदेश सशर्त अनुदान	१०,१८,८६३.००
	क) आन्तरिक राजस्व	१६,७६,४८६.१०		ग) निकासा फिर्ता	२९,४०,६४१.००
	ख) राजस्व बाडफाड संघिय सरकार	३,२१,४०,७१९.२९	५	**धरौटी फिर्ता**	१०,२२,८०३.००
	ग) राजस्व बाडफाड प्रदेश सरकार	५३,१०,८११.८०	६	**विविध कोष खर्च**	१६,७३०.००
	घ) अन्य आय जिसस	२०,००,०००.००	७	**कोष खर्च**	
६	**धरौटी प्राप्ती**	**१३,८३,२९०.००**		कर्मचारी कल्याण कोष खाता	७५०,०००.००
७	**अन्य कोष आय**			मर्मत संभार कोष खाता	६५,५७,६२०.००
	प्रकोप व्यवस्थापन कोष	७४,९०,०००.००		प्रकोप व्यवस्थापन कोष खाता	७६,०७,९६३.००
	मर्मत संभार कोष	६५,५७,६२०.००	८	**बांकी मौज्दात**	
	महिला बालबालिका तथा ज्येष्ठ नागरिक कोष	१०,००,०००.००		प्रकोप व्यवस्थापन कोष	७६,४८१.००
	अपाङ्ग पुनर्स्थापना कोष	१०,००,०००.००		महिला बालबालिका तथा ज्येष्ठ नागरिक कोष	१०,००,०००.००
	दलित सहायता कोष	१०,००,०००.००		अपाङ्ग पुनर्स्थापना कोष	१०,००,०००.००
	कर्मचारी कल्याण कोष	७,५०,०००.००		दलित सहायता कोष	१०,००,०००.००
	विविध कोष	२५,३६,६९८.००		विविध कोष	२५,१९,९६८.००
				धरौटी	१,१३,३७९०.००
				संचित कोष	३,५१,४७,५५४.६३
	जम्मा	**३७,४२,४४,०७३.९५**		**जम्मा**	**३७,४२,४४,०७३.९५**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • लेखापरीक्षणका क्रममा विनियोजन भएको खर्च शीर्षक समावेश भएको खर्चको फाँटवारी तथा सशर्त अनुदान तर्फको कार्यक्रमगत खाता तयार नगरेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखा परीक्षकबाट स्वीकृत भएको NEPSAS मा आधारित ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । स्वीकृत ढाँचामा प्रतिवेदन गर्ने तर्फ गाँउपालिकाको ध्यान जानुपर्ने देखिन्छ । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेलेखाङ्कन गर्नुपर्दछ ।	
२.	**बैक हिसाब मिलान** – स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाले मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखिन्छ ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	चालु खर्च खाता	२,१०,४९,०१०।००	४३,४७,३१६.६१	-१,६७,०१,६९३।३९
२	पुँजीगत खर्च खाता	१६,५९,१५४।६१	६,५३,६१,४७५.००	६,३७,०२,३२०।३९
३	प्रकोप व्यवस्थापन खाता	७६,४८१.००	८,०८,८५०.००	७,३२,३६९।००
४	धरौटी खाता	११,३३,७९०.००	१२,७७,७९०.००	१,४४,०००।००
५	मर्मत सम्भार कोष खाता	२५,१९,९६८.००	२५,३६,६९८.००	१६,७३०।००
जम्मा बैक वढी				**४,७८,९३,७२६।००**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३.	**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन। • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।	

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.४३,४७,३१६.६१ र पुजीगत खर्च खातामा रु ६,५३,६१,४७५.००. मौज्दात रहेको पाईयो।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- गाँउपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको आयोजना बैङ्क खडा गरेको देखिएन ।
- दिगो बिकास लक्ष्य (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।
- गाँउपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको देखिएन।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- गाँउपालिकाले यो वर्ष जिन्सी निरिक्षण गराई जिन्सी अभिलेख अधावधिक गर्नुपर्नेमा जिन्सी तोकिएको ढाँचामा गरेको देखिएन। यसवाट गाँउपालिकामा भएका जिन्सी सामानको अवस्थाका सम्वन्धमा यकिन हुन सकिएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने तथा इटिडिएस गर्नु पर्नेमा सो गरेको देखिएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भरपाईहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। गाँउपालिकाले जिल्ला दररेट लाईनै आधार लिइ योजनाको प्राविधिक मुल्याङ्कन गर्ने गरेकोले स्थानीय स्तरमा न्युन दरमा उपलव्ध हुने ढुङ्गा गिटि वालुवा लगायतका सामानको मुल्याङ्कन वढी हुन जाने देखिन्छ। यसमा सुधार गर्ने तर्फ गाँउपालिकाको ध्यान जानु पर्ने देखिन्छ ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। कन्टिन्जेन्सी खर्च गर्ने आधार र मापदण्ड समेत गरेको देखिएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

	• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा गाँउपालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन। • पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा लागत सहभागिता सहितका कुनै पनि आयोजना सञ्चालन गरेको देखिएन। तथापी न्युनतम १० प्रतिशत जनश्रमदान रहने गरी सम्झौता गरी कार्यान्वन गरिने गाँउपालिकाको नीति रहेको जनाएको छ। • गाँउपालिकाले सञ्चालन गरेका योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश योजनाको भुक्तानी गर्दा सवै व्यवस्थाको पालना भएको पाईएन। • गाँउपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १९ र प्रशासनिकतर्फ २० समेत ३९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ७ र १२ समेत १९ जना मात्र स्थायी पदपूर्ती भएको तथा प्राविधिक तर्फ करार तर्फ ७ जना प्राविधिक तथा अन्य तर्फ ४ जना गरी जम्मा ३० जना पदपुर्ती भएको देखियो ।कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।दरवन्दी अनुसार पदपुर्ती गर्ने गराउने तर्फ सम्वद्ध निकायको ध्यान जानु पर्दछ। • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन। • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन। • निजामती सेवा ऐन, २०४९को दफा ७ ख वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा गाँउपालिका तर्फ रु.६२,५४,३२६।८० तथा सशर्त तर्फ शिक्षा स्वास्थ्य को तलव भुक्तानी गर्दा समेत तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।तलवी प्रतिवेदन पारित नगरेको कारणवाट भुक्तानी भएको तलव तथा ग्रेड रकमका सम्वन्धमा यकिन हुन सकिएन। तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च भुक्तानी गर्ने तर्फ गाँउपालिकाको ध्यान जानुपर्ने देखिन्छ. • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ४ ऐन, २ नियमावली, ५ कार्यविधि १ आचारसंहिता समेत १२ कानुन एवं कार्यविधि निर्माण गरेको छ। तसर्थ गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४.	**बजेट र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सिर्जना लामाले २०७६।०३।१४ गते रु.२६ करोड ४६ लाख ३४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।०३।३१ मा पारित भएको छ। यसैगरी स्थानीय	

तहका प्रमुखले २०७६।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

५. **प्रगति विवरण -** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम २५ अनुसार कार्यालयवाट बार्षिक प्रगतिको विवरण लिई नियम २६ अनुसार प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तिय पक्षको सामुहिक समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको कारण सो को जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्युन भएको सम्वन्धमा जिम्मेवार व्यक्ति उपर आबश्यक कारवाही समेत गर्नु पर्ने उल्लेख छ । गाँउपालिकाले उक्त व्यवस्था अनुसार प्रगति विववरण तयार नगरेको कारण पालिकाले विकासका क्षेत्रमा गरेको समग्र लगानीको उपलव्धिको अवस्था मुल्याङ्कन गर्न सकिएन। गाँउपालिकाले नियमावलीको व्यवस्था अनुसारको जिम्मेवारी पुरा गरेको देखिएन। वार्षिक प्रगति तयार गर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।

६. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति बमोजिम तेस्रो चौमासिकमा कुल पुँजीगत खर्चको ७७.९१ प्रतिशत तथा आषाढ महिनामा मात्र ५६.०२ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
१	गाँउपालिका पुंजीगत	६४,८२८.००	१,८९३.००	१४,६७१	४८,२६४	२९,७१२
२	स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम	१२,८४५	०	९९४	११,८५१	१०,८५८
३	प्रदेश पुर्वाधार साझेदारी कार्यक्रम	१२,६३०	०	०	१२,६३०	९,६९०
४	प्रदेश सशर्त अनुदान	९,५८२	०	०	९,५८२	९,५८२
६	झो पु क्षेत्रगत विकास कार्यक्रम	४,२९२	८२१	४८२	२९८९	१,३५५
८	मर्मत सम्भार	५,९८५	०	५,४७८	५१७	५१७
	कूल खर्चः	१,१०,१६२	**२,७१४**	**२१,६२५**	**८५,८२३**	**६१,७१४**
	खर्च प्रतिशत		**२.४६**	**१९.६३**	**७७.९१**	**५६.०२**

७. क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाँउपालिकाको २०७६।७७ को क्षेत्रगत रुपमा आर्थिक विकास सामाजिक क्षेत्र पूर्वाधार विकास क्षेत्र वातावरण तथा विपद् व्यवस्थापन संस्थागत विकास र सेवा प्रवाह वित्तीय व्यवस्थापन र सुशासन कार्य सञ्चालन तथा प्रशासनिक खर्च छुट्याएको वजेट तथा सोको कार्यान्वयनवाट प्राप्त प्रतिफल समेत आँकलन गर्नुपर्नेमा क्षेत्रगत रुपमा वजेट व्यवस्थापन र प्रगतिको आँकलन गरेको देखिएन ।

८. वढी खर्च लेखाङ्कनः गाउँपालिकाले वास्तविक खर्चका आधारमा आय,व्यय विवरण तयार गर्नु पर्दछ। यो वर्ष देहायका वजेट उपशीर्षकहरुमा निर्माण कार्य को रकम भुक्तानी गर्दा कट्टी भएको कन्टिन्जेन्सी वापतको रकम र मर्मत संभार कोष कट्टी वापतको रकम कट्टी गर्दाको वखत खर्च जनाएतापनि वास्तविक रुपमा देहाय वमोजिम मात्र खर्च भएको देखिन्छ ।वास्तविक खर्च भन्दा वढी खर्च लेखाङ्कन भएको रकम संचित कोषमा आम्दानी वाध्नु पर्ने देखिएको रु ... १९,३५,६९१.४५

सि नं	खाता	कन्टीन्जेन्सी	मर्मत संभार कोष	खर्च	बाँकी
१	मर्मत संभार कोष खाता	३,००,५००।००	८९,६००।००	०।००	३,९०,१००।००
२	पूजीगत खर्च खाता	२५,८३,७००।००	७,३२,५८०।००	१७,७०,६८८।५५	१५,४५,५९१।४५
जम्मा					**१९,३५,६९१।४५**

९. **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद भएको

	३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो बर्ष थप भएको १८ गरी कुल २१ विवाद दर्ता भएकोमा १५ वटा मात्र फछ्र्यौट भई ६ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१०.	**आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस स्थानीय तहमा आन्तरिक लेखापरीक्षकको रुपमा सहायक पाँचौ २०७६ पौषमा पदपुर्ती भएकोमा २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
११.	**आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तरगत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था छ। यो वर्ष गाँउपालिकाले आन्तरिक आयको श्रोतगत आँकलन गरेको देखिएन। तथापी स्थानीय तहमा सिफारिस दस्तुर, मालपोत दस्तुर, वहाल कर जस्ता शिर्षकवाट यो वर्ष रु.१६,७६,४८६.१० आम्दानी गरेको देखिएता पनि सवै वडाहरुवाट संकलन भएको आयको अभिलेख तयार नगरेका कारण वास्तविक आय तथा दाखिला गर्न वाँकी आयका सम्वन्धमा यकिन गर्न सकिएन।	
१२.	**रसिद नियन्त्रण खाता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्यक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखी रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ। गाँउपालिकाले सो अनुसार व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता राखेको पाइएन। जसवाट २०७६ आषाढमा वाँकी भएका वास्तविक रसिद तथा २०७६।७७ मा छपाई गरिएका रसिद अनुसार जम्मा रसिद ठेलि मध्ये वडामा उपलव्ध गराईएका रसिद र जिन्सिमा वाँकी रहेका वास्तविक रसिदको यकिन गर्न सक्ने आधार भएन। नगदी रसिद खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोटमा यो वर्ष विभिन्न वडालाई रसिद वुझाएको उल्लेख गरेको छ। राजश्व असुलीमा प्रयोग हुने नगदी रसिदको नियन्त्रण खाता राखी प्रमाणित गर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।	
१३.	**राजश्व खाताः** राजश्व असुल गर्दा रसिद अनुसार असुली देखिने साविक म.ले.प.फा.न १०८, २३ जस्ता खाता राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुल गर्नुपर्नेमा रसिद वाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ। जसवाट दाखिला रकम राजश्व खातामा भिडान गर्न सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।	
१४.	**सेवा प्रवाहः** गाँउपालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन। सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।	
१५.	**लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमान रहेको मूल्य अभिवृद्धि कर ,ओभरहेड ,कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ। यस गाउँपालिका वाट उपभोक्ता समिति सँग निर्माण कार्यको सम्झौता गर्दा र निर्माण कार्यको लागत अनुमान तयार गरेको र भुक्तानी गरेको सम्वन्धमा देहाय अनुसार देखियो। यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	

(क) निर्माण कार्यको लागत अनुमान तयार गर्दा ग्याविन जाली ,डण्डी र सिमेन्ट प्रयोग गरी गरिने कार्यमा सिमेन्टको, ग्याविन जाली , डण्डी र मेशिन प्रयोग गरी माटो खन्ने कार्यमा डोजरको भाडामा मूल्य अभिवृद्धि कर रकम समावेश गरी लागत अनुमान तयार गरेको दरमा उपभोक्ता सँग निर्माण कार्यको सम्झौता हुने गरेको देखियो। उपभोक्ताले सम्झौता पश्चात निर्माण कार्य गर्दा लागत अनुमान अनुरुप लाग्ने निर्माण सामाग्री खरिद गरेको सम्पूर्ण विल संलग्न नहुने अवस्था रहेको छ। यस्तो अवस्थामा नियमावली विपरीत मूअकर भुक्तानी भएको अवस्था छ।

(ख) सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १० (३) मा लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलब्ध हुने वा नहुने अध्ययन गर्नुपर्ने र नियम १० (४) मा लागत अनुमान तयार गर्दा सिमेन्ट ,फलामे डण्डी, ईटा, ढुङ्गा लगायतका निर्माण सामाग्रीको दर निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नु पर्ने उल्लेख छ।यस सम्वन्धमा देहाय अनुसार देखियो

(अ) पालिकाले छापगडा पहिरो नियन्त्रण कार्यको लागत तयार गर्दा गेवियन फिलिङमा ढुङ्गाको दर ३,४२८।६० र ड्राइ स्टोन मेशिनरीमा ढुङ्गाको दर ३,८७६ समावेश गरेको देखिन्छ। एउटै योजनामा पनि यसरी अलग अलग कार्यको लागि ढुङ्गाको दर फरक फरक राखेको समेत देखियो। अतः लागत अनुमान तयार गर्दा मितव्ययी रुपमा तयार गरेको देखिएन ।

(आ) रसुवा जिल्लामा जिल्ला दर रेट अनुसार ढुङ्गाको दर रु.१,५५०।०० कायम गरेकोमा यस पालिका वाट लागत अनुमान तयार गर्दा ढुङ्गाको दर रु.६,२९३।०० सम्म राखी लागत अनुमान तयार गरेकोमा सो दरको विस्तृत दरविश्लेषण पेश हुन आएन। पहाडी स्थानमा ढुङ्गा योजना स्थल वरपर नै पाइने मा अनावश्यक रुपमा लिड दिई दर वढाएको देखियो। यसतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

१६. **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.१०,३९,७३५।९३ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ। तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.......... १०,३९,७३५.९३

गोभौनं./मित	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	५० प्रतिशत रकम
४ २०७७।०३।३१	निरखुभुमे निर्माण सेवा प्राली	४८,४०,२३९।३५	२,७८,४२०।८४
५ २०७७।०३।३१	न्यु पार्वति कुण्ड कन्सट्रक्सन	४८,५०,५८७।३६	२,७९,०३१।७६
८ २०७७।०३।३१	फलाखु निर्माण सेवा	४७,१३,२९८।००	२,७१,११८।९२
१२ २०७७।०३।३०	फाइव स्टार इन्जिनियरिङ्ग	४,९५,६६९।००	२१,९३३।६०
२ २०७७।०३।३१	घले निर्माण सेवा	१२,२२,४१२।००	४५,००६।००
१६३ २०७७।०३।३१	लाङ्गटाङ्ग रसुवा इन्जिनियरिङ्ग सोलुसन	४,९६,७५७।०४	२८,५७४।५१
१६२ २०७७।३।३१	इन्जिनियरिङ्ग इन्फ्रास्टक्चर	४,३५,२३५।३२	२५,०३५।६६
१५७ २०७७।०३।३१	सीस्मो इन्जिनियरिङ्ग	१,९६,०००।००	११,२७४।३३
१५९ २०७७।०३।३१	विआर एस इन्जिनियरिङ्ग	३,९५,२७८।५२	२२,७३७।२६
१६० २०७७।०३।३१	सोइल एग्रिगेट सिभिल ल्याव	४,८७,२०६।५०	२८,०२५।१५
१६१ २०७७।०३।३१	क्लेफ इन्जिनियरिङ्ग	४,९६,८१५।८०	२८,५७७।९०
	जम्मा		१०,३९,७३५।९३

१७. **उपभोक्ताको काम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता,

दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।

गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ। गाँउपालिकाले हेभि इक्वीपमेन्टको प्रयोग गरेर निर्माण गरेका कार्यहरु देहाय वमोजिम रहेका छन।

उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
लौकिल आरुखर्क लांगवे सडक निर्माण उस	वाटो निर्माण	९,९७,०००।००	एक्साभेटर	८,४४,११०।००
फलाखु पार्यथाङ्गै थाङ्गसुङ्ग सडक निर्माण उस	वाटो निर्माण	१२,९४,३८६।००	एक्साभेटर	११,५३,६८२।००
लारच्याङ्ग सरमथली सडक निर्माण उस	वाटो निर्माण	१०,७६,४६७।००	एक्साभेटर	१०,४९,६३०।००
चौताराटोल हुँदै भोर्ले सडक निर्माण उस	वाटो निर्माण	११,१३,७८४।००	एक्साभेटर	१०,५८,८१०।००
सरमथली डाँडाँ भञ्ज्याङ्ग सडक निर्माण उस	वाटो निर्माण	१०,११,६३४।००	एक्साभेटर	६,६८,३७७।००
घट्टेखोला किमार्जुङ्ग सरस्युँ घोर्मु आरुखर्क सडक निर्माण उस	वाटो निर्माण	१२,४६,६०८।००	एक्साभेटर	९,२४,५५८।००

१८. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र मार्फत प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
११ २०७७।०३।३१	साम्देलिङ्ग गुम्वा निर्माण उपभोक्ता समिति	गुम्वा निर्माण	४१,६६,५६७।००
९४ २०७७।०३।०७	मखानखोला खानेपानी टंकी निर्माण उपभोक्ता समिति	खानेपानी टंकी निर्माण	११,९६,५४४।००
८१ २०७७।०३।०३	महिला भवन निर्माण उपभोक्ता समिति	भवन निर्माण	४,८२,१२१।००
१३९ २०७७।०३।२९	वडा न ५ मा महिला भवन निर्माण उपभोक्ता समिति	भवन निर्माण	९,९३,९८७।००

नियमाबलीको ब्यबस्था अनुरुप निर्माण कार्य गर्ने गराउने तर्फ गाँउपालिकाको ध्यान जानु पर्दछ ।

१९. **अनुपातिक कट्टि** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र गाँउपालिकाले व्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.......... ४,९९,९०८.७६

गोभौनं./मिति	उपभोक्ता समिति र काम	कार्य सम्पन्न रकम	भुक्तानी गर्नुपर्ने रकम	भुक्तानी भएको रकम	घटी अनुपातिक कट्टी रकम

५, २०७७।३।२५	मिल्की खानेपानी निर्माण उपभोक्ता समिति	९,८२,१४८।६६	८,८३,९३३।७९	१९,९३,६१७।००	१,०९,६८३।२०
६, २०७७।०३।२५	छेपारखोला सिँचाइ निर्माण उपभोक्ता समिति	९,८२,१०६।८२	८,८३,८९६।१३	९,८८,७१२।००	१,०४,८१५।८६
११ ,२०७७।०३।३१	साम्देलिङ्ग गुम्वा निर्माण उपभोक्ता समिति	४३,१२,३९६।७९	३८,८१,१५७।३०	४१,६६,५६७।००	२,८५,४०९।७०
	जम्मा				४,९९,९०८।७६

२०. **सम्झौता अनुसार कार्य** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष आरुखर्क लगांवु सडक निर्माणका लागि निर्माण व्यवसायी रेडपाण्डा निर्माण सेवा सँग २०७७।३।३१ मा निर्माण कार्य सम्पन्न गर्ने गरी रु. २३,७४,६१६।९०मा सम्झौता भएकोमा निर्माण व्यवसायीले सो अवधीमा गो.भौ. नं. ४ मिति २०७७।०३।११ वाट रु.८,०३,३१४।०० भुक्तानी भएको देखिन्छ। निर्माण व्यवसायीले सम्झौताको समयमा उल्लेखित निर्माण कार्य सम्पन्न नगरेको शसर्त वजेट फ्रिज भएको समेत देखिएकाले सो योजना अधुरै रहेको देखियो ।निर्माण व्यवसायी सँग सम्झौताको अवधि वाँकी रहेकै अवस्थामा समेत थप कार्य भएको देखिएन। यसरी समय रहदै निर्माण व्यवसायीले निर्माण कार्य अधुरो रहन गएको उपयुक्त देखिएन। सालबसाली रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको हुनुका साथै आ.व.२०७७।७८ मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाईएन। तसर्थ समयमै कार्य सम्पन्न हुने तथा नियमावलीमा भएको व्यवस्था वमोजिम निर्माण व्यसायीलाई समेत जिम्मेवार वनाइ निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

२१. **डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्यन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

कार्य विवरण	परामर्शदाता	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
वास भञ्याङ्ग सरसुङ्ग सडक	लाङ्गटाङ्ग रसुवा सोलुसन इनर्जी	४,९६,७५७।००	२७,६६,३१,२४४।००
द्धागकाम भ्युटावर निर्माण	इन्जिनियरिङ्ग इन्फ्रास्टक्चर सोलुसन प्रालि	४,३५,१७६।००	१,४७,०८,२३०।००
छेदुङ्ग गुम्वा निर्माण	विआरएस सोलुसन प्रालि	३,९५,२७८।००	३,५४,०८,२२३।००
रस्यु घोर्मु आरुखर्क सडक	स्पाइल एग्रिगेट सिभिल ल्याव प्रालि	४,८७,२०६।००	४,७३,३२,२७१।००
घिचेत सरमथली सडक	इन्जिनियरिङ्ग कन्सल्ट प्रालि	४,९६,८१५।००	३०,९७,६९,४६९।००

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।साथै गाँउपालिकाले तयार गरेका अध्ययन तथा डिपिआरहरु लाइ जिन्सी आम्दानी वाँधी अभिलेख तयार गर्नुपर्नेमा उल्लेखित डिपिआरहरु जिन्सी दाखिला गरी अभिलेख तयार गरेको देखिएन ।

२२. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिएकोले दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार
१	विभिन्न विद्यालय	१६४	१३०	२९

२३. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.......... १८,५०,२७८.००

गो. भौ. नं	मिति	सामान	खर्च
४	२०७६।७।२८	डेस्कटप ,ल्यापटव	४,७६,६३४।००
१७	२०७६।९।२५	प्रिन्टर	५,६३,२६०।००
७६	२०७७।२।३०	ल्यापटव	१,७१,४४९।००
१५१	२०७७।३।२८	कम्प्युटर प्रिन्टर	१,८७,२१८।००
१५३	२०७७।३।३०	आईप्याड	४,५१,७१७।००
जम्मा			१८,५०,२७८।००

२४. **सवारीसाधन खरिद** - अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाँउपालिकाले १ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु.३,८३,०००।०० खर्च गरेको देखिन्छ।

२५. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा ग्यावीन जाली भर्ने ,गोरेटो वाटो निर्माण जस्ता निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ११० जनालाई रोजगारी उपलव्ध गराई रु.१७,९३,५२५ खर्च गरेको छ। लक्षित वर्गलाई ४० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

२६. **मसलन्द तथा छपाइ सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष गो. भौ. नं. २१, मिति २०७६।७।२८ वाट पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन र मसलन्ध तथा कार्यक्रम सम्वन्धी वस्तु खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु......... ३३,०८,५७४.००

क्र.स	सामानको विवरण	फर्मको नाम	भुक्तानी रकम
१	आचार, सहिता, ऐन, निर्देशिका, नियमावली, कार्यविधि छपाई	एस. बि पिन्टर्स एन्ड पव्लिकेशन	४,८४,०९२।००
२	ऐन, निर्देशिका, विधेयक कानुन छपाई	हलेसी ट्रेडर्स एण्ड सप्लायर्स	४,७४,६००।००
२	हिटर, ताल्चा, व्याट्रि लगायत अन्य	ईसान ट्रेडर्स एण्ड सप्लायर्स	४,९७,८१२।००
३	नक्सा बुक आर सि सि विल्डिङ	फाईन मिडिया प्रा. लि.	४,८९,२९०।००
५	नक्सा दरखास्त फाराम	वर्ड वाइड अफसेट प्रेस एण्ड सप्लार्स	४,९२,६८०।००
६	ईन्डेक्स फाईल टिपेक्स हाईलाट आदि	आइपि स्टेसनरी सेन्ट्रल सप्लायर्स	४,८९,८५५।००
७	खाम रिस्टर लगायत अन्य मसलन्ध सामग्रि	एस एम ट्रेडर्स एण्ड सप्लायर्स	२,७४,७०३।००

	८	नेपाली र अङ्ग्रेजी लेटरप्याड	एस एम ट्रेडर्स एण्ड सप्लायर्स	४१,१३२।००
	९	पुस्तिका छपाई	एस एम ट्रेडर्स एण्ड सप्लायर्स	६४,४१०।००
	जम्मा			**३३,०८,५७४।००**

२७.	**वढी खर्च -** सामाजिक सुरक्षा भत्ताको तेस्रो किस्ता स्वरुप वडा नं ४ स चौं सीता राई लाई रु.२१,४७,८०० पेश्की दिएकोमा रु.२१,४६,८००।०० को मात्र भरपाई पेश भएकाले नपुग रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु	१,०००.००
२८.	**पारदर्शिताः-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाईएन। गाँउपालिका बाट निकासा गरिएको सामाजिक सुरक्षा भत्ता यथार्थपरक छ भन्न सकिएन ।	
२९.	**लगत कट्टाको अभिलेख -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्कृिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले आर्थिक वर्ष २०७६-०७७ मा लाभग्राहिको लगत कट्टा गरेको देखिएन। लगत कट्टा नगरी लाभग्राहिको भत्ता निकासा दिदा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा खाता निष्कृय भएमा वा अयोग्य व्यक्तिको नाममा रकम निकासा भएको छैन भन्न सकिएन। गाँउपालिकाले सो सम्वन्धमा यकिन गर्नुपर्दछ ।	
३०.	**अनुगमन तथा सुपरिवेक्षणः-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समितिनै गठन नगरेकोले निदेर्शिका अनुसारको समिति गठन गरी क्रियासिल हुनुपर्ने देखिन्छ।	
३१.	**वैङ्क मार्फत भुक्तानीः** कार्यालयले सबै वडा कार्यालयहरुबाट घटना दर्ताको विवरण अध्यावधिक गरी एकिकृत गर्नु पर्नेमा नगरेको नगदमा वितरण भएको भत्ता वडा अध्यक्ष लगायत अन्य जनप्रतिनिधिको रोहवरमा वितरण नगरेको हुदा उक्त वितरण कार्य पारदर्शी रुपमा भए नभएको यकिन गर्न सकिएन। सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कवाट गर्नु पर्दछ।	
३२.	**शिक्षकको अभिलेखः-** शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यबस्था रहेको छ। गाँउपालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्ती भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७६।७७ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी	

	एकीन विवरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। गाँउपालिकाले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले कार्यालयबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।	
३३.	**विद्यालयगत निकासा रजिस्टर -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। गाँउपालिकाले कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर खाता अद्यावधिक राख्नु पर्दछ।	
३४.	**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि कुनैपनि बैठक बसेको देखिएन। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम कर्तव्य गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
३५.	**कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ ।पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्ने गराउने तर्फ ध्यान जानुपर्दछ ।	
३६.	**विपद् व्यवस्थापन कोष-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ। गत वर्षको मौज्दात समेत रु.७६,८४,४४४.०० आम्दानी भई रु.७६,०७,९६३।०० खर्च गरी बाँकी रु.७६,४८१।०० देखिन्छ। गाँउपालिकाले खर्च भएको रकम कोभिड-१९ को व्यवस्थापन राहात सामाग्री लगायतका कार्यमा सो रकम भुक्तानी गरेको देखिन्छ। ऐन तथा नियममा भएको व्यवस्था अनुरुप कोष सञ्चालन गर्नुपर्ने देखिन्छ ।	
३७.	**वार्षिक प्रतिवेदन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा स्थानीय विपद् ४५को दफा २०७४ , व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।	

३८. **धरौटी कट्टी -** नौकुण्ड गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३२ (४) वमोजिम गाउँपालिकाले उपनियम १ वमोजिम विल विजकको भुक्तानी गर्दा रिटेन्सन मनि वापत विल विजकमा उल्लेखित रकमको ५ प्रतिशत रकम कट्टा गरिने उल्लेख छ। गाँउपालिकाले यो वर्ष देहाय वमोजिमका निर्माण कार्य तथा अन्य सेवा सम्झौता मार्फत गरेको र सम्झौतामा धरौटी कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा धरौटी कट्टा नगरी भुक्तानी गरेको देखियो। नियम वमोजिम कट्टा गर्नुपर्ने ५ प्रतिशत रिटेन्सन वापतको रकम कट्टा वेगर भुक्तानी गरेको देखिएको रकम दाखिला गर्नुपर्ने देखिएको रु ७,८४,६३९.७९

कार्यक्रम	गो भौ न मिति	निर्माण व्यवसायी	भुक्तानी खर्च रकम	धरौटी रकम
प्रदेश पुर्वाधार	५ ,२०७७।०३।३१	निरखुभुमे निर्माण सेवा	४८,५०,२३९	२,१४,१६९।८८
प्रदेश पुर्वाधार	४ ,२०७७।०३।३१	न्यु पार्वति कुण्ड कन्सट्रक्सन	४८,५०,८५७	२,१४,६३९।७९
स्थानीय पुर्वाधार	४ ,२०७७।०३।११	रेडपाण्डा निर्माण सेवा	८,०३,३१४।००	३५,५४४।९०
स्थानीय पुर्वाधार	७ ,२०७७।०३।३०	सिङ्गमेन्दी निर्माण सेवा	२३,६१,९७५।००	१,११,४५०।००
स्थानीय पुर्वाधार	८ ,२०७७।०३।३१	फलाखु निर्माण सेवा	४७,१३,२९८।००	२,०८,५५३।०२
झोपु क्षेत्रगत	१, २०७६।०७।०५	कुशलदेव निर्माण सेवा	१२,२०,६०९।००	५४,००९।२४
गाँउपालिका पूजिगत	४७ ,२०७६।१२।१०	फलाखु निर्माण सेवा	१८,६४,८६१।००	८२,६५२।९६
नविकरणिय उर्जा	२ ,२०७७।०३।३१	घले निर्माण सेवा	१२,२२,४१२।००	५६,६२०।००
जम्मा				७,८४,६३९।७९

३९. **वीमा -** सामुदायिक भवन निर्माण ५.६२ सिम्वन्डी रेलिङ्ग कार्यको कार्य ठे. नं. NCB/NRN-10176/77 मार्फत निर्माण व्यवसायी फलाखु निर्माण सेवा सँग सम्झौता भएकोमा सो मध्ये स्याङगुल सिम्वन्डी रेलिङ्ग वाटोको प्राविधिक मूल्याङ्कनमा समावेश भएको आइटम नं १ वीमा को कार्यका लागि मूअकर समेत रु.५०,८५०।०० रकम समावेश गरी भुक्तानी भएकोमा उक्त व्यवसायीले वीमानै गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु ५०,८५०.००

४०. **वढी भुक्तानी -** प्रदेश सशर्त अनुदानवाट निर्माणाधिन वोहोरे भञ्याङ देखी दनुश्वारा पाटीखर्क हुदै पास्च्याङ सडक स्तरउन्नती कार्यको लागि रु-४९,९३,०४१।१८ गरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउनका लागि मिति २०७६।११ गते उपभोक्ता समिति सँग सम्झौता भएको देखिन्छ। प्रदेश तर्फको सशर्त वजेट कार्यान्वयनका लागि प्रदेश वाट जारी भएको निर्णय तथा उपभोक्ता समितिवाट निर्माण कार्य गराउदा सार्वजनिक खरिद नियमावली, नियम ९७ वमोजिम निर्माण कार्य गर्नुपर्ने ,प्रदेशवाट सञ्चालित योजनामा न्यूनतम १० प्रतिशत लागत सहभागिता वा जन श्रमदान गर्नुपर्ने गरी सम्झौता गरी भुक्तानी गर्नुपर्नेमा सो अनुसार नगरी सो योजनाको प्राविधिक मूल्याङ्कन वमोजिम कुल रु.४९,१८,८७१।६५ को मूल्याङ्कन गरी रु.४९,१८,८७१.०० वजेट खर्च लेखेको देखिन्छ।उपभोक्ताको अंश जनश्रमदान वेगर परिपत्र विपरित उपभोक्तालाई सम्पूर्ण रकम भुक्तानी गरेको देखिएकोले उक्त भुक्तानीका सम्वन्धमा गाउँपालिका वाट एकीन गरी वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु ४,९१,८८७.१०

४१. **दर विश्लेषणः** वोहोरे भञ्याङ देखी दनुश्वारा पाटीखर्क हुदै पास्च्याङ सडक स्तरउन्नती कार्यको प्राविधिक मुल्याङ्कनमा समावेश भएको ढुंगा सोलिङ्ग गर्ने कार्य कुल ४३७।०८ घनमिटर भएको र प्रतिघनमिटर रु-४०९१।९० का दरले रु.१७,६६,६३३।६५ को कार्य भएको मुल्याङ्कन समावेश भएको देखिन्छ। ढुंगा भर्ने कार्यको लागि समावेश भएको दर विश्लेषण लेखापरीक्षणमा पेश हुन आएन। एक घनमिटर ढुंगाको जिल्ला दर रु.१,५५० मात्र भएको र १ घनमिटर सोलीङ्ग गर्न १.२ घनमिटर ढुंगा लाग्ने भएवाट सोमा ज्यामी ज्याला समेत समावेश गर्दा सो दर पुग्ने देखिदैन।ढुंगाको ढुवानीमा समेत समावेश भएकोले सोदर अनुसार मुल्याङ्कन गरेको कार्यालयले जनाएतापनि दर विश्लेषण पेश नहुँदा सो एकीन गर्न सकिएन।यसमा कार्यालयवाट यकिन गर्नुपर्ने देखिन्छ ।

४२. **ग्याविन वक्स -** प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत छेपारेखोला मोटर वाटो मर्मतका लागि रु १०,२९,७९९।५४ को प्राविधिक मूल्याङ्कन गरी रु.९६,८७९१ (कन्टिन्जेन्सी कट्टी) वाहेक भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको प्राविधिक मूल्याङ्कनमा समावेश भएको आइटम नं ४ को ग्याविन वक्स ३"१"१ को जाली खरिद गरेको भनि प्रति वक्स ढुवानी वाहेक रु.५,३०९।८७ का दरले कुल रु १,०६,१९७।४० मूल्याङ्कन गरेको तथापी

	वास्तविक खरिद मूल्य मुअकर समेत रु.७७,७४४ मात्र भएकोले खरिद कार्यमा वढी मूल्याङ्कन भएको रु.२८,४५३।४० मा उपभोक्ताको अंश कट्टा गरी वढी भुक्तानी असुल गर्नुपर्ने रु........	२५,६०८.०६
४३.	**विस्तृत नाप -** उल्लेखित निर्माण कार्यको आइटम नं ३ मा समावेश भएको Reinforcement bar cutting ,Bending, Placing in Position कार्यका लागि Detail measurement वेगर एकमुष्ट १६४८।५० के.जी.को प्रतिके.जी. रु.१३६।८७ का दरले रु.२,२५,६३०।२० मूल्याङ्कन गरी भुक्तानी भएको देखिएकोले वास्तविक डिटेल मूल्याङ्कन वेगर भुक्तानी भएकोले वास्तविक लागेको परिमाण ६"×६ " मा १० एमएम तथा ८ एम. एम. को डण्डी राख्दा १०९०.५९ के.जी.मात्र खपत हुने देखिन्छ। प्राविधिक मुल्याङ्कनमा समावेश भएको थप ५५७.९१ के.जी.को प्रतिके.जी. रु.१३६.८७ का दरले हुने रु.७६,३६१।१५वढी मुल्याङ्कन गरी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु..........	७६,३६१.१५
४४.	**वढी भुक्तानी -** समरथली भञ्जयाङ्ग डाँडा सडक निर्माण कार्यको लागि उपभोक्ता समिति मार्फत निर्माण कार्य गरी प्राविधिक मूल्याङ्कन वमोजिम कुल रु.१०,११,६३४।६६ मूल्याङ्कन गरी रु.९,५२,२०० वजेट खर्च लेखेकोमा प्राविधिक मूल्याङ्कनमा समावेश भएको आइटम नं ४ Packing and filling of Gabion Creates with stone को लागि २"१"१ को २८ वटा जाली भरेकोमा प्रति जाली रु.४,१३३।९६ **(भर्ने कार्यको मात्र)** समावेश गर्नुपर्नेमा प्रतिघनमिटर रु४,१३३।९५ समावेश गरी रु.१,१५,७५०।८८ वढी मूल्याङ्कन गरेकोले उपभोक्ता को अंश कट्टा गरी वाँकी रकम असुल गर्नुपर्ने देखिएको रु........	१,०४,१७५.७९
४५.	**गुम्वा निर्माण-** प्रदेश स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत नौकुण्ड गाउँपालिकामा रहेको नौकुण्ड ३ र ४ मा गुम्वा निर्माण कार्यको लागि रु ५०,००,०००।०० वजेट विनियोजन भएको देखिन्छ । उल्लेखित निर्माण कार्यको लागि विनियोजन भएको वजेटवाट वडा नं ३ र ४ मा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सम्झौता गरी निर्माण कार्य अगाडि वढीरहेको अवस्थामा प्रदेश पूर्वाधार अन्तर्गतका कार्यक्रम एउटै प्याकेजमा ठेक्का प्रतिस्पर्धा मार्फत गराउने गरी प्रदेश सरकारवाट निर्देशन आएको भनी उपभोक्ता समितिले निर्माण गरीरहेको कार्यको कुल लागत अनुमान गरी सोही कार्यको वोलपत्र आह्वान गरेको देखियो ।उल्लेखित कार्यको लागत अनुमान रु.४९,३७,०३९।०१ गरी निर्माण व्यवसायी निर्खुभुमे निर्माण सेवा प्रा.ली.सँग मुअकर समेत रु.४९,३६,७३२।२७ मा मिति २०७७।३।२२ मा सम्झौता गरी उल्लेखित गुम्वा निर्माण कार्य २०७०।३।३१ मा नै सम्पन्न गरी अन्तिम भुक्तानी स्वरुप रु.४८,४०,३२९ भुक्तानी गरेको देखिन्छ । गुम्वा निर्माण कार्य उपभोक्ता समिति मार्फत गराइसकेपछि सोही कार्यको लागि वोलपत्र आह्वान गर्दा प्रतिस्पर्धा नभएको फरक फरक उपभोक्ता समिति मार्फत निर्माण कार्य भैरहेकोमा सोही कार्यको वोलपत्र गरी सम्झौता गर्नु कानुन नियम सम्मत नदेखिएको रु.........	४८,४०,३२९.००
४६.	**जमानतको म्यादः** सामुदायिक प्रिफेव भवन निर्माण गर्न न्यू पार्वतीकुण्ड कन्सट्रक्सन सँग भएको सम्झौताको वुँदा GCC ४२.१ मा The Defect Liability Period is 1 years from the date of completion of work उल्लेख भएको देखिन्छ । निर्माण व्यवसायी न्यू पार्वतीकुण्ड कन्सट्रक्सनले पेश गरेको कृषि विकास वैङकले जारी गरेको जमानत नं.०१३८।२९१।५६४२।०२० को म्याद २०७७।९।२० सम्म मात्र रहेको देखियो ।त्रुटी सच्चाउने अवधि र थप एक महिना अर्थात मिति २०७८।४।३० सम्मको म्याद भएको जमानत पेश गर्नुपर्ने रु........	२,४६,०००.००
४७.	सामुदायिक प्रिफेव भवन निर्माणको लागि निर्माण व्यवसायी पार्वती कुण्ड कन्सट्रक्सनले कवोल गरेको वोलपत्र कागजातमा समावेश भएको **Letter of bid** निर्माण व्यवसायीले आफ्नै औपचारिक लेटर हेडमा पेश गर्नुपर्ने वोलपत्र कागजातमानै उल्लेख भएको देखिन्छ । निर्माण व्यवसायीले आफ्नो **Letter head** मा नराखी **Bid Document** कै **Letter of Bid Section** मा निर्माण कार्य रु ४९,०५,७२२।०४ मा गर्ने उल्लेख भएको देखिन्छ ।आफ्नै **Letter head** मा राख्नुपर्ने कागजात पेश नगर्दा समेत प्राविधिक मूल्याङ्कनमा समावेश गरेको देखिएकोले उक्त कार्य नियम सम्मत देखिएन ।यसमा सुधार गर्नुपर्दछ ।	

<table>
<tr><td>४८.</td><td>कन्टिन्जेन्सी रकम - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत विभिन्न ३ योजनाको भुक्तानी गर्दा कट्टी भएको रु.१,५०,०००।००तथा झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम तर्फको रु.५०,०००।०० समेत कुल रु.२,००,०००।०० गाउँपालिकाको सञ्चित कोषमा मौज्दात रहेको देखिएकोले उल्लेखित रकम फिर्ता गर्नुपर्ने देखिएको रु ....</td><td>२,००,०००.००</td></tr>
<tr><td>४९.</td><td>आरुखर्क लाङगवु सडक - नौकुण्ड गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७६ को नियम १३० मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले गाउँपालिकालाई सम्झौता रकमको १० प्रतिशत नवढ्ने गरी साधारणतया प्रतिदिन ०.०५ प्रतिशतका दरले क्षतिपूर्ति दिनुपर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा निर्माण व्यवसायी खरिद सम्झौता वमोजिमको कार्य सम्पादन गर्ने दायित्ववाट मुक्त नहुने उल्लेख छ ।गाउँपालिकाले यो वर्ष स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत आरुखर्क लाङगवु सडक निर्माण कार्यको लागि सडकको चेनेज ०+०००देखि चेनेज नं२+४०० सम्मको सडकको लागि रु २,३८,०८६९ को लागत अनुमान गरी निर्माण व्यवसायी रेड पाण्डा निर्माण सेवा सँग मिति २०७७।३।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी रु.२३,७४,६१६।९०मा मिति २०७७।२।१८ मा सम्झौता भएको देखिन्छ। निर्माण व्यवसायीले सम्झौता अवधिमा कुल रु. ८,०३,३१४।७८ मात्र भुक्तानी लिएको देखिन्छ। प्राविधिक मूल्याङ्कन अनुसार निर्माण व्यवसायीले ०+००० देखि ०+८७० सम्मको एक्साभेसन गर्ने कार्यमात्र गरेको देखिन्छ।उल्लेखित कार्य सम्झौताको अवधिमा सम्पन्न भएको नदेखिएको, म्याद थप भएको नदेखिएकोले गाउँपालिकाले समयमै ठेक्का व्यवस्थापन गर्ने, वजेटको सुनिश्चितता गरी ठेक्का व्यवस्थापन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ। निर्माण व्यवसायीले समेत सम्झौताको अवधीमा निर्माण कार्य सम्पन्न नगरेकाले नियममा भएको व्यवस्था वमोजिम क्षतिपूर्ति लिई निर्माण कार्य सम्पन्न गर्ने गरउने तर्फ ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>शिक्षा तर्फः</td><td></td></tr>
<tr><td>५०.</td><td>दाखिलाः कार्यालयवाट हस्तान्तरण गरेको सामान सम्वन्धित कार्यालयले दाखिला गरेको प्रमाण प्राप्त गरी राख्नुपर्दछ ।गो. भौ. नं ३, मिति २०७६।९।१ मा विद्यालयको लागि टाइम एटेन्डेन्स १५ थान खरिद गरी रु.३,०९,६७५।०० खर्च लेखेकोमा सम्वन्धित कार्यालयले सामान दाखिला गरेको प्रमाण वेगर खर्च लेखेको अनियमित देखिएको रु.....</td><td>३,०९,६७५.००</td></tr>
<tr><td>५१.</td><td>अनुगमन - विद्यालयसँग २०७६ जेठ मसान्तभित्र कार्य सम्पन्न गरी सार्वजनिक सुनुवाई गरी विल भरपाई समेत राखी दोस्रो पक्षले पहिलो पक्षलाई वुझाउनु पर्ने भनी २०७६।११।६ मा सम्झौता गरी विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानवाट देहायका विद्यालयलाई निम्न कार्य गर्न रकम उपलब्ध गराएको देखिन्छ। सम्झौता अनुसार विल भरपाई पेश नगरेको तथा सार्वजनिक सुनुवाई गरेको प्रमाण पेश नभएको तथा गाउँपालिकावाट अनुगमन समेत नगरेकोले अनियमित देखिएको रु ....
<table>
<tr><th>गो. भौ. नं</th><th>मिति</th><th>विद्यालयको नाम</th><th>उपलब्ध गराएको रकम</th><th>व्योहोरा</th></tr>
<tr><td>४७</td><td>२०७७।२।२५</td><td>श्री गौतम बुद्ध मा. वि</td><td>६,५०,०००।००</td><td>कम्प्युटर ल्याव</td></tr>
<tr><td>४८</td><td>२०७७।२।३०</td><td>श्री गोसाईकुण्ड मा. वि</td><td>६,५०,०००।००</td><td>पुस्तकालय व्यवस्थापन</td></tr>
<tr><td></td><td></td><td>श्री नारायण मा. वि</td><td>६,५०,०००।००</td><td>विज्ञान प्रयोगशाला</td></tr>
</table></td><td>१९,५०,०००.००</td></tr>
<tr><td></td><td>स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>५२.</td><td>कार्यक्रम सञ्चालन - स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्दछ।यो वर्ष क्षयरोग टि.वी.पि.टी कार्यक्रम, नसर्ने रोग सम्वन्धी कार्यक्रम, मानसिक स्वास्थ्यको लागि क्षमता अभिवृद्धि कार्यक्रम,आँखा ,नाक, कान घाटी कार्यक्रम सञ्चालन गर्न वजेट व्यवस्था भएकोमा उक्त कार्यक्रम सञ्चालन गरेको देखिएन। स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

५३.	**कार्यक्रम सञ्चालन -** गाउँपालिकावाट यो वर्ष फलाखु खोला लाङकु पक्की पुल निर्माण गर्न रु.१ करोड वजेट,साना सिँचाई कार्यक्रम गर्न रु.५ लाख, माटो परीक्षण, पकेट क्षेत्र लक्षित कार्यक्रम, युवा लक्षित कार्यक्रम, वोयर जातको वोका वितरण लगायतका कार्यक्रम गर्न वजेट विनियोजन भएकोमा उक्त कार्यक्रम सञ्चालननै गरेको देखिएन। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हाँसिल गर्नुपर्ने देखिन्छ ।	
५४.	**प्रतिवेदन -** औषधि खिरदि गर्न प्रकाशति सूचना अनुसार पर्न आएका वोलपत्र मध्ये सवभन्दा घटी वाला श्री आकाश मेडिसिन सँग रु=१८,५५,९०४।०० को सम्झौता भएको देखिन्छ। सम्झौताको दफा ३ मा उत्पादन मिति, म्याद समाप्त हुने मिति ,व्याच नं निशुल्क वितरणको लागि विक्रीको लागि होइन भन्ने लेखिएको, २ वर्ष भन्दा कम अवधि भएको औषधि मान्य हुने छैन भन्ने उल्लेख भएको देखिन्छ। औषधि प्राप्त हुँदा सो अनुरुप प्राप्त भएको प्रमाण वेगर खर्च लेखेको देखिन्छ। यसतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।	
५५.	**सोझै खरिद -** नौकुण्ड गाउँपालिकाको सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९५ मा प्रमुख प्रशासकीय अधिकृतको निर्णयले रु.५ लाख रुपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिनेछ भन्ने उल्लेख छ। हेल्पीङ हेल्थ पोली क्लीनिक प्रा.ली वाट रु-९,०४,०१०.०० को सोझै औषधि खरिद गरी गो .भौ .नं ४५, मिति २०७७।३।२१ वाट खर्च लेखेको देखिन्छ। नियमावलीको सिमा भन्दा बढी हुने गरी खरिद गरेको नियम सम्मत देखिएन ।	
	कृषि तर्फः	
५६.	**बढी खर्च -** खर्च लेख्दा आनुपातिक दर अनुरुप खर्च लेख्नु पर्दछ। किवी , स्याउ र ओखरको रु.१,२५,१८०।०० को विरुवा खरिद गरी ल्याएकोमा ७५ प्रतिशत अनुदानमा दिने हुँदा रु.९३,८८५।०० खर्च लेख्नुपर्नेमा रु.१ लाख खर्च लेखेको हुदा वढी खर्च लेखेको हुदा अनियमित देखिएको रु......	६,११५.००
५७.	**निर्णय -** कृषि विकास कार्यक्रमवाट मेशिनरी औजार (पावर टेलर थ्रेसर) सेमिवाइटेक प्रविधिको टनेल आदि वितरण गर्दा इच्छुक कृषकलाई सूचित गरी निर्णय गराई वितरण गर्नु पर्दछ। यस गाउँपालिकावाट निम्नानुसारका सामान वितरण गरेकोमा सो अनुरुप गरेको देखिएन। यस तर्फ सुधार हुनुपर्ने देखिन्छ ।	

गो. भौ. नं	मिति	विवरण	भुक्तानी खर्च
८	२०७७।२।२६	प्लास्टिक टनेल	२,४७,२६२
९	२०७७।३।११	स्प्रेयर	७३,१२५
१०	२०७७।३।२८	मिनी टेलर थ्रेसर	३,७१,२५०
११।१२	२०७७।३।३१	सेमिवाईटेक प्रविधिको टनेल निर्माण	७,००,०००

५८.	**वितरण -** खरिद भएका सामाग्री कृषकलाई वितरण गरी अभिलेख अध्यावधिक गर्नुपर्दछ ।देहायका गो.भौ .नं तथा मितिवाट निम्नानुसारको सामाग्री खरिद गरेकोमा देहायको परिमाणमा मात्र वितरण गरेको पेश हुन आएको भरपाई वाट देखिएको छ । कार्यालयवाट वितरण गरेको उल्लेखित सामाग्री सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन ।अनुगमन गरी प्रतिवेदन तयार गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । खरिद अनुसारको वितरण हुन नसक्नाको कारण स्पष्ट गर्नु पर्ने अन्यथा रकम असुल गर्नुपर्ने रु...	१,०८,३५७.००

गो. भौ.	मिति	विवरण	खरिद परिमाण	भुक्तानी खर्च	वितरण	नपुग परिमाणको रकम
५	२०७६।१२।९	तरकारी विउ कम्पोजीट	३०९ प्याकेट	५०,०००	२२२	१४,०७७।००
५	२०७६।१२।९	रामपुर कम्पोजीट मकै	१००० के जी	४०,०००	६८९	१२,४४०।००
१३	२०७७।३।२९	काउली .मूला विउ	५६० प्याकेट	३,.६०,.६००	४३६	८१,.८४०।००
						१. ,०८,.३५७

५९.	**कार्यक्रम विपरीत खर्च -** तोकिएको कार्यक्रम खर्च गर्नु पर्दछ। गाँउपालिकाले ७५ प्रतिशत अनुदानमा दहि, दुध, चिउरा ,टिशर्ट हिउदे तथा वर्षे फलफूल वितरण कार्यक्रमवाट धान दिवसको लागि विभिन्न सामाग्री खरिद गरी रु१ लाख खर्च लेखेको देखियो। कार्यक्रम अनुसार खर्च गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
	महिला विकास कार्यक्रम तर्फः	
६०.	**अनुगमन प्रतिवेदन -** सिलाई कटाई तालिम सञ्चालन गर्न प्रस्ताव माग गरिएकोमा पर्न आएका प्रस्ताव मध्ये सबभन्दा घटीवाला विचार कार्य सन्तुष्टि प्रवर्दन युवा मञ्च नेपालको प्रस्ताव स्वीकृत गरी गो. भौ. नं ४, मिति २०७६।११।१५ वाट रु.४,९९,७९९।०० खर्च लेखेको देखिन्छ। प्रस्तावकले प्रस्ताव पेश गर्दा कार्यक्रम सम्पन्न भएपछि पनि त्यसको प्रभाव र असरको परीक्षण गरी मूल्याङ्कन प्रतिवेदन तयार गरी गाउँपालिकालाई उपलब्ध गराउने उल्लेख भएकोमा अनुगमन प्रतिवेदन पेश नगरेको तथा खर्च प्रस्तावमा सिलाई मेशिन १२ लाग्ने उल्लेख भएकोमा सो मेशिन प्रशिक्षार्थीलाई वुझाएको प्रमाण पेश हुन आएन। अतः यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।	
६१.	**वढी भुक्तानी -** नौकुण्ड गाउँपालिकाको सार्वजनिक खरिद नियमावली ,२०७६ को नियम १३२ मा खरिद सम्झौता अनुसार रनिङ विल मा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख भएकोमा देहाय अनुसार देखियो ।	
	(क) गाउँपालिका भवन निर्माण उपभोक्ता समितिलाई गो. भौ. नं २, मिति २०७६।६।१८ मा अन्तिम विल वापत भुक्तानी गर्दा आइटम नं ९ को डण्डीको कार्यको विस्तृत नाप जाँच नगरी एकमुष्ट १,०४८.९७ केजीको रु १३०.१४ का दरले र आइटम नं.१० Supply fabricating and instalation को विस्तृत नाप नलिई ७,००१.३७ के. जी को १६८.२९ का दरले दुइ आइटमको रु.१३,१४,४७३।५० खर्च लेखेको देखिन्छ । नियमावलीमा भएको व्यवस्था अनुसार विस्तृत नापी लिई भुक्तानी गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	(ख) चर्च घर हुँदै फाम्चेत टोल सम्म सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण गरे वापत गो. भौ. नं १४० मिति २०७७।३।३० मा नापी किताबमा आइटम नं ३ को ग्याविनमा ढुङ्गा भर्ने कार्य ३ ×१४.५×१×०.५=२१.७५ घ. मि हुनेमा जोड जम्मा मा फरक गरी ४३.५ घ मि गरी भुक्तानी गरेकोले वढी भुक्तानी गरेको प्रति घ. मि. रु ४,१३३।६० का दरले रु.८९,९०५।८० असुल गर्नुपर्ने रु	८९,९०५.८०
	(ग) छुमी देखि नारायण मा वि सम्म सडक स्तरोन्नती कार्यको उपभोक्ता समितिलाई भुक्तानी गर्दा स्टोन मेशिनरी कार्यको लागि पि सि सि १:३:६ को कार्य ४२×.४५".५० गरेकोमा स्टोन मेशिनरीको कार्य ४२"०.६×१.२० मिटर गरेको देखाई ३०.२४ घ. मि. को भुक्तानी गरेको देखिन्छ । पि. सी .सी गरेको चौडाई भन्दा ०.१५ मिटर वढी कार्य देखिएको हुदा ७.५६ घ. मि. को प्रति घ. मि. रु ११,५७८।५२ बढी भुक्तानी भएको रु ८७,५३३।६१ असुल गर्नुपर्ने रु	८७,५३३.६१
६२.	**फरक दरमा सम्झौता -** उपभोक्ता सँग सम्झौता गर्दा सम्वन्धित निर्माण कामको दरमा गर्नु पर्दछ। उपल्लोटार सडक स्तरोन्नति उपभोक्ता समिति सँग सडक निर्माण कार्यको सम्झौता गर्दा स्टोन सोलीङको कार्यको लागि रु.५,२०१।८२ को दरमा सम्झौता गर्नु पर्नेमा रु.६२४६।४६ का दरले सम्झौता गर्दा स्टोन सोलीङको ५३.१३ घ. मि को कार्यमा रु.५५,५०१।७२ बढी भुक्तानी भएको रकम असुल गर्नपर्ने रु......	५५,५०१.७२
६३.	**पेश्की वाँकी -** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम वमोजिम पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ। दुप्चेश्वरी मा वि पाटी खर्कलाई गो.भौ.नं ७, मिति २०७६।९।२ मा प्रविधि मैत्री सामाग्री खरिद कार्यको लागि रु. ५ लाख पेश्की उल्लेख गरी खर्च लेखेकोमा आर्थिक वर्षको अन्त सम्म पनि फछ्यौट गराई नराखेको रु........	५,००,०००.००
६४.	**दुई कार्यक्रम वाट कार्य -** कार्यक्रममा दोहोरो नपर्ने गरी वजेट विनियोजन गर्नु पर्दछ। यस गाउँपालिका वाट योजनाका लागि वजेट विनियोजन भएकोमा निर्माण सामाग्री (तार, जाली , पाइप) अन्य निकायवाट प्राप्त गरेकोमा उक्त कार्य गर्न गाउँपालिका वाट वजेट विनियोजन गरी रकम उपलब्ध गराएको जस्ता व्यहोरा देखिएको छ। यसरी रकम	

विनियोजन गर्दा परिलक्षित उद्देश्य अनुसार कार्य नहुने हुँदा यस तर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।उदाहरणार्थ

कार्यक्रम	गो भौ नं मिति	योजना	खर्च	कैफियत
प्रधानमन्त्री रोजगार कार्यक्रम	१२ ,२०७७।३।२१	रोजगार उपभोक्ता समिति वडा नं ४ ग्याविन जाली भर्ने आदि	७ ,१७ ,१६५	ग्याविन जाली जि .स. स वाट प्राप्त
प्रधानमन्त्री रोजगार कार्यक्रम	१३ , २०७७।३।३१	पारच्याङ वाटो सुधार ग्याविन जाली भर्ने आदि	३,४९,०२४	ग्याविन जाली जि. स. स वाट प्राप्त
पूजीगत अनुदान	५३ , २०७७।२।२५	दुप्चेश्वरी नि मा वि ग्याविन जाली भर्ने	३,४५,०७५	ग्याविन जाली जि. स. स वाट प्राप्त
पूजीगत अनुदान	१५५ ,२०७७।२।२५	दुण्डली , चोलुगखर्क भिरकुना पहिरो नियन्त्रण	२२,१३०	ग्याविन जाली जि .स. स वाट प्राप्त
पूजीगत अनुदान	८० ,२०७७।२।३२	थागदोर टासी छरिग गुम्वा निर्माण उपभोक्ता समिति	९,९१,७००	ग्याविन जाली जि .स. स वाट प्राप्त

६५. **सूचना प्रकाशन -** कार्यालयवाट मितव्ययी रुपमा खर्च गर्नु पर्दछ ।यो वर्ष पूजीगत कार्यक्रमवाट मात्रा सूचना प्रकाशनमा रु ८,५९,१५९ खर्च भएको देखिन्छ। कार्यालयवाट विभिन्न योजनामा गर्नु पर्ने निर्माण तथा खरिद कार्यको विवरण तयार गरी एकैपटक सम्भव भएसम्म सूचना प्रकाशन गरेमा खर्चमा मितव्ययी हुनेमा पटक पटक सूचना प्रकाशन गरेको देखियो।यस तर्फ गाउँपालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

६६. **यार्सा पहिरो नियन्त्रण -** वास्तविक कार्य सम्पादनका आधारमा गर्नु पर्दछ ।गाउँपालिकाले यो वर्ष यार्सा पहिरो नियन्त्रणका लागि उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई रु ९,९८,७०७ वजेट खर्च लेखेको देखिन्छ। उक्त निर्माण कार्यमा जाली खरिद गर्ने र जालीमा ढुङ्गा भर्ने कार्यको छुट्टाछुट्टै दर विश्लेषण गरी भुक्तानी भएको देखिन्छ । प्राविधिक मूल्याङ्कन अनुसार ४० थान २×१×१ को जालीको मूल्याङ्कन रु.१,३७,६३४ तथा १.५×१×१ को ४० थान जालीको मूल्याङ्कन रु.१,०२,५५८।८० समेत कुल १४० घ मि जालीको कुल प्राविधिकक मूल्याङ्कन रु. २,४०,१९२ गरी भुक्तानी गरेको देखिन्छ।उपभोक्ता समितिले उल्लेखित २×१×१ जाली प्रतिथान २५८५।४४ तथा १.५×१×१ जाली प्रतिथान १८९८।४० मा खरिद गरी मु अकर समेत रु.१,७९,३५३।८० भुक्तानी गरेको देखिन्छ ।खरिद गर्ने आइटमका लागि उपभोक्ता समितिले गरेको वास्तविक खर्चका आधारमा प्राविधिक मूल्याङ्कन गर्नुपर्नेमा वढी मूल्याङ्कन गरी भुक्तानी भएको रकमका सम्वन्धमा कार्यालयवाट एकीन गरी असुल गर्नु पर्ने देखिएको रु...... ४९,२७९.८३

६७. **लौकील आरुखर्क लंगवे थाङ्गडोर सडक मर्मतः** गाउँपालिकाले मर्मत संभार कोषवाट यो वर्ष लौकील आरुखर्क लंगवे थाङ्गडोर सडक मर्मत कार्यका लागि उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएकोमा उक्त कार्यको प्राविधिक मूल्याङ्कन वमोजिम रु १०,७३,४११।४९ गरेको देखिन्छ। उल्लेखित निर्माण कार्यको प्राविधिक मूल्याङ्कन वमोजिम नरम माटो २८१६.५८ घनमिटर ,नरम चट्टान २६३६.४० घनमिटर तथा कडा चट्टान ७७.२२ घनमिटर कार्य गरेको देखिन्छ ।प्राविधिक मूल्याङ्कन वमोजिम नरम माटो को लागि उल्लेख भएको दर विश्लेषण वमोजिम प्रतिघनमिटर रु.७३.३७ प्रतिघनमिटर मध्यम चट्टानको प्रतिघनमिटर रु.१८४.१२ तथा कडा चट्टानको रु.४११.८४ प्रतिघनमिटर का दरले मूल्याङ्कन गर्नुपर्नेमा, नरम माटो को लागि Earthwork excavation for road maintanance in all types भनि प्रतिघनमिटर रु.११०.०६ का दरले रु.३,०९,९९२ को प्राविधिक मूल्याङ्कन भएको देखिन्छ । प्राविधिक प्रतिवेदनमा नरम माटो खनेको देखिएकोले नरम माटो खन्ने दर रु.७३.३७ प्रतिघनमिटर रु.१,०३,३४०।३२ मध्ये उपभोक्ताको अंश कट्टा गरी असुल गर्नुपर्ने देखिएको रु....... ९२,९३७.५९

६८. **प्राविधिक मूल्याङ्कन -** गाउँपालिकाले प्रशासनिक भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी फलाखु निर्माण सेवा सँग रु.१८६७९५०।९८ मु अकर समेतमा मिति २०७६।१२।२६ मा निर्माण कार्य सम्पन्न गरी भुक्तानी गर्दा नापी किताबमा आइटम नं. १६ मा Supplying and fixing of all necessary fitting to plumbing and toilet Building works including 2000 ltr roof top PVC,Septic tank Toilet pan , tie ,taps ,wash basin ,mirror ,Hanger…. all complete

<table>
<tr><td></td><td>कार्यको लागि अनुमान वमोजिम सोझै सिमित कार्यको ३५ प्रतिशत भनी उल्लेख गरी भुक्तानी गरेको देखिन्छ ।वास्तविक कार्यको आधारमा नापजाँच गरी भुक्तानी गर्नुपर्नेमा एकमुष्ट मूल्याङ्कन गरेको नियम सम्मत नदेखिएको रु....</td><td>४,२९,३७३.२९</td></tr>
<tr><td>६९.</td><td>धरौटी आम्दानी - गाँउपालिकाले धरौटी वापत प्राप्त हुने रकम पालिकाको धरौटी खातामा जम्मा गर्नुपर्दछ। यो वर्ष मालिकादेवी निर्माण सेवाले वोलपत्र जमानत वापत दाखिला गरेको रु.४७,००० धरौटी खातामा आम्दानी वाध्नुपर्नेमा आन्तरिक आय खातामा जम्मा गरेको देखियो ।आर्थिक वर्षको अन्त्यमा आन्तरिक आयको सम्पुर्ण रकम सञ्चितकोषमा दाखिला भएकोले संचितकोष खातावाट दायित्व भुक्तानी गर्नुपर्ने धरौटी रकम धरौटी खातामा दाखिला गर्नुपर्ने देखिएको रु....</td><td>४७,०००.००</td></tr>
<tr><td>७०.</td><td>हर्जना - नौकुण्ड गाउँपालिकाको सार्वजनिक खरिद नियमावली ,२०७६ को नियम १३० मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा गाउँपालिकालाई सम्झौता रकमको १० प्रतिशत नवढ्ने गरी साधारणतया प्रतिदिन ०.०५ प्रतिशतका दरले क्षतिपूर्ति दिनुपर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा निर्माण व्यवसायी खरिद सम्झौता वमोजिमको कार्य सम्पादन गर्ने दायित्ववाट मुक्त नहुने उल्लेख छ। गाउँपालिकाले यो वर्ष इन्द्रेणी देवी ट्रस पुल निर्माण कार्यको लागी कुसलदेव निर्माण सेवा सँग मिति २०७६।०३।२५ मा सामान आपुर्ती गर्ने गरि सम्झौता भएकोमा उल्लेखित आपुर्ती कार्य म्याद थप वेगर मिति २०७६।०६।२८ भएको देखिन्छ। आपुर्तकको ढिलाइका कारण सामान आपुर्ती कार्य ढिला हुँदा समेत कुल भुक्तानी रु.१४,२०,६०९।९९ भुक्तानी भएको देखिन्छ। हर्जना लिएरमात्र भुक्तानी गर्नुपर्ने भनि गतवर्ष वेरुजु औंल्याइएकोमा यो वर्ष हर्जना कट्टी नगरी भुक्तानी गरेको मनासिव देखिएन ।</td><td></td></tr>
<tr><td>७१.</td><td>जमानत - आरुखर्क लांगवु सौर्य सडक उक्त सोलार वत्ति जडान कार्यको लागि तयार गरेको specification सम्वन्धी विवरणमा आपूर्तिकर्ताले वत्ति जडान गरेको अवधि देखि ५ वर्ष सम्म भएका त्रुटिहरुलाई सच्चाउने गरी ५ वर्षसम्म ग्यारेन्टी तथा वारेन्टी पिरियड हुने उल्लेख भएको देखिन्छ। सामाग्री खरिद गर्दा ग्यारेण्टी अवधि सम्मको कार्य सम्पादन जमानत लिइ सम्झौता गर्नुपर्नेमा गाउँपालिकाले आरुखर्क लांगवु सौर्य सडक वत्ति जडान कार्यको लागि सिगंमेन्दी निर्माण सेवा सँग सम्झौता गर्दा राखेको कार्य सम्पादन जमानत वापत राखेको कृषि विकास वैङ्क धुन्चेको रु १,२०,००० को जमानत नम्वर पि.वि. ०१३८।२९५।५६४२।०२० को म्याद २०७७/०९।२२ सम्मको मात्र रहेको देखिन्छ। नियमानुसार त्रुटी सच्चाउने अवधी सम्मको ग्यारेन्टी लिनुपर्ने देखिएको रु......</td><td>१,२०,०००.००</td></tr>
<tr><td>७२.</td><td>कोभिड १९ सम्वन्धी खर्चः गाँउपालिकाबाट प्राप्त विवरण अनुसार २०७७ आषाढ सम्म कोभिड रोकथाम, व्यवस्थापन एवं नियन्त्रण कार्यमा निम्नानुसार खर्च भएको उल्लेख देखिन्छः-
<table>
<tr><th>आय</th><th></th><th>व्यय</th><th>खर्च रकम</th></tr>
<tr><td>गतको अल्या</td><td>१,९४,४४४</td><td>निशुल्क एम्बुलेन्स सेवा सञ्चालन</td><td>२४,८००.००</td></tr>
<tr><td>प्रदेश सरकारवाट प्राप्त</td><td>१०,००,०००</td><td>क्वारेन्टिन स्थापना,सञ्चालन तथा व्यवस्थापन</td><td>१८,९३,३१०</td></tr>
<tr><td>गाउपालिकावाट विनियोजन</td><td>६४,९०,०००</td><td>स्वास्थ्य सामाग्री खरिद</td><td>१,४०,४३७</td></tr>
<tr><td></td><td></td><td>राहत खरिद, ढुवानी तथा वितरण</td><td>४७,१६,७१६</td></tr>
<tr><td></td><td></td><td>प्रहरी तथा स्वास्थ्यकर्मीहरुलाई क्वारेन्टिन र हेल्पडेक्समा काम गरेवापत भत्ता</td><td>५,८५,२००</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>२,४७,५००</td></tr>
<tr><td></td><td></td><td>मौज्दात</td><td>७६,४८१.००</td></tr>
<tr><td>जम्मा</td><td>७६,८४,४४४।</td><td>जम्मा</td><td>७६,८४,४४४</td></tr>
</table></td><td></td></tr>
</table>

उपरोक्त खर्च रु.७६०७९६३.०० मध्ये सम्पुर्ण खर्च कोभिड-१९ सँग सम्वन्धित राहत वितरण, क्वारेन्टिन व्यवस्थापन, भत्ता लगायतमा खर्च भएको छ। सो सम्वन्धमा देखिएका व्यहोरा यस प्रकार छन :

७२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परीमाण र समयावधिको लागि यथासम्भव प्रतिस्पर्धा गराई वा एकमात्र आपुर्तिकर्ता संग लिखित दरभाउ लिई मुल्यकोलागि वार्ता गरी खरिद गर्न सकिने व्यवस्था छ। असंगठित क्षेत्रमा कार्यरत श्रमिक तथा असहायलाई घरमै राहत उपलव्ध गराउने राहत मापदण्ड, २०७६ अनुसार कोभिड प्रभावित श्रमिक तथा असहायलाई राहत उपलव्ध गराउन सामान सिधै खरिद गरी गाँउपालिका भित्र र यस गाँउपालिकाका काठमाण्डौमा रहेका३४३८ जना श्रमिक परिवारहरुलाई प्रतिपरिवार २० केजि चामल, नुन १ पोका, खाने तेल १ लिटर का दरले वितरण गर्न आपुर्तक शिव वावा खाद्य सप्लायर्स, पोखरेल किराना स्टोर्स, शुभलाभ स्टोर, सलभ ट्रेडर्स प्रालि, लगायत अन्य फर्मवाट रु ४७ लाखको खाद्य सामग्रि सोझै खरिद गरी भुक्तानी गरेको देखिन्छ। खरिद कार्यलाइ थप मितव्ययी र प्रभावकारी वनाउने र खर्च गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

७३. **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
३,८९,९८,०००।००	९,२४,९००।००	३८०७३१००.००

७४. **अद्यावधिक वेरुजु -** यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
३,८९,९८,०००।००	९,२४,९००।००	१,९३,००,६२७।८७	०।००	५,७३,७३,७२७।८७

नौकुण्ड गाउँपालिकाको संचित कोषको विवरण

अनुसूची-१

आर्थिक वर्ष २०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	गत वर्षको जिम्मेवारी	अनुदान	राजस्व बाडबाँड	आन्तरिक आय	अन्य आय	जम्मा	चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
		१	२	३	४	५	६(२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
उत्तरगया गाउँपालिका	रसुवा	**१४४५१**	२९६९४७	३७४५२	१६७६	२३७१८	**३५९७९३**	१८५८३१	११०१६२	३६३७३	**३३२३६६**	**४१८७८**

बेरुजू वर्गिकरण (विनियोजन,राजस्व, धरौटी र अन्य करोबार)

अनुसूची-२

आर्थिक वर्ष २०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भीक वेरुजू			प्रतिक्रीयाबाट फर्छ्यौट			बाँकी बेरुजू			बेरुजूको बर्गिकरण								
		दफा		रकम	दफा		रकम	दफा		रकम	असूल गर्नुपर्ने	अनियमित					पेश्की		
		सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगति			अनियमित भएको	प्रमाण पेश नभएको	राजस्वको जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	**जम्मा**	कर्म चारि	अन्य	जम्मा
उत्तरगया गाउँपालिका	रसुवा	४७	२४	१९४०१	०	१	१००	४७	२३	१९३०१	१०८७	११७०५	६००९	०	०	१७७१४	०	५००	५००

अद्यवधिक बेरुजू को स्थिति

अनुसूची-३

(रु.हजारमा)

स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको वाँकी	समायोजन	सं प को लागि अनुरोध भएको	संपरीक्षण भएको रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी मध्ये पेश्की
उत्तरगया गाउँपालिका	रसुवा	३८९९८	०	९२५	९२५	३८०७३	१९३०१	५७३७४	५००